महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## के.आई.सिं. गाउँपालिका

डोटी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## के.आई.सिं. गाउँपालिका

### डोटी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## के.आई.सिं. गाउँपालिका

## डोटी

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५२८ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
के. आई सिंह गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
डोटी।

**कैफियत सहितको राय**

हामीले के. आई सिंह **गाउँपालिकाको** आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१ करोड ४० लाख ३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.३ लाख २७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ११ लाख ९१ हजार र नियमित गर्नुपर्ने रू.२४ लाख ८५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रू.४ करोड ३५ लाख ३४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू.५ करोड ७५ लाख ३७ हजार रहेको छ । गाँउपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

के. आई सिंह गाउँपालिका, डोटी

## १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४० | ३३ | १४००३ | ० | ० | ० | ४० | ३३ | १४००३ | ३२७ | २४८५ | १११९१ | ० | ० | १३६७६ | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| के. आई सिंह गाउँपालिका, डोटी | ४३५३४ | ० | ० | ४३५३४ | ० | १४००३ | ५७५३७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : के.आइ.सिं गाउँपालिका, डोटी , के आई सिंह गाउँपालिका , डोटी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Dharma Raj Upadhyay | २०७७-६-३० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Krishna Prasad Upadhyaya | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १४,००३,१९६.६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,८९,०३,२७०.४२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८,८०,०९,००० | **चालु खर्च** | २४,७३,२४,०५३.८५ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७२,११,००० | **पूँजीगत खर्च** | ९,७२,५२,५६६.४३ |
| **राजश्व बाँडफाँट** | ७,३४,१४,८८७.६२ | **वित्तीय/अन्य व्यवस्था** | १५,२१,८७,०५५.६५ |
| **आन्तरिक आय** | ३१,१२,१०२.२२ | | |
| **अन्य आय** | १३,२१,४६,३६१.९४ | | |
| **कुल आय** | ५१,३८,९३,३५१.७८ | **कुल खर्च** | ४९,६७,६३,६७५.९३ |
| **बाँकी मौज्दात** | | ३,६०,३२,९४६.२७ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>लेखापरीक्षणः<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।६।१२ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस के आई सिंह गाँउ पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।सुदुर पश्चिम प्रदेशमा अवस्थित यस गाँउ पालिकाको अन्तर्गत ७ वडा रहेका छन् । ३९ सभासदस्य 126.७ व.की.मी. क्षेत्रफल ओगटेको यस पालिकाको जनसंख्या ८०८३६ रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली<br>लेखापीक्षणको क्रममा निम्नानुसार रकम रु २०७८६९।- दाखिला भएको छ ।
<table>
<tr><th>दाखिला गर्ने</th><th>प्रयोजन</th><th>दाखिला सञ्चित कोषको प्रकार</th><th>बैंक</th><th>भोचर नं र मिति</th><th>रकम</th></tr>
<tr><td>फिल्ड सहाय कतोयनाथ भट्ट</td><td>वितरण नभएको पालिका सुरक्षा भत्ता</td><td>गाँउ पालिका सञ्चित कोषको</td><td>एन एम वि</td><td>१००००७०९/ २०७९।५।२६</td><td>६००००</td></tr>
<tr><td>ना प्रा स यज्ञ बहादुर रावल</td><td>आ ले प बेरुजु र लेपको क्रममा असुली</td><td>स्थानीय संचित कोष</td><td>एन एम बि बैंक</td><td>१००००७१३</td><td>११४२०</td></tr>
<tr><td>ना प्रा स यज्ञ बहादुर रावल</td><td>लेखापरिक्षणको क्रममा असुली</td><td>संघिय सञ्चित कोषको</td><td>रा बा बैंक डोटीमा असुली</td><td>१०६५२३१</td><td>४७६०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| भरत ब बम | लेखापरीक्षणको क्रममा असुली | संघिय सञ्चित कोषको | रा बा बैंक डोटीमा असुली | १०६५२३८५ | ४७६० |
| शिवराज रेग्मी लेखापाल | लेखापरीक्षणको क्रममा असुली | स्थानीय संतित कोष खातामा | एन एम बि बैंक | १००००७१० | ९४१६ |
| देवराज जोशी | लेखापरीक्षणको क्रममा असुली | स्थानीय संतित कोष खातामा | एन एम बि बैंक | १००००७०८ | ९९५१ |
| पुष्पराज भट्ट | लेखापरीक्षणको क्रममा असुली | स्थानीय संतित कोष खातामा | एन एम बि बैंक | १००००७०६ | १२७४४ |
| सरस्वती कुमारी भट्ट | लेखापरीक्षणको क्रममा असुली | स्थानीय संतित कोष खातामा | एन एम बि बैंक | १००००७०५ | ६४२० |
| शंकर प्रसाद जोशी | लेखापरीक्षणको क्रममा असुली | स्थानीय संतित कोष खातामा | एन एम बि बैंक | १००००७१२ | ५५२० |
| हिरेण्ड साउँद | लेखापरीक्षणको क्रममा असुली | स्थानीय संतित कोष खातामा | एन एम बि बैंक | १००००७०२ | १५०० |
| तेज बहादु ऐर | लेखापरीक्षणको क्रममा असुली | स्थानीय संतित कोष खातामा | एन एम बि बैंक | १००००६५१ | ५२४३ |
| टेक बहादुर साउँद | लेखापरिक्षणको क्रममा असुली | स्थानीय संचित कोष खातामा | एन एम बि बैंक | २०७९ ०६ ११ | ३०३६ |
| भैरव आ.वि. धन बहादुर ऐर | लेखापरिक्षणको क्रममा असुली | १५१११ जेरुजू दाखिला | रा.वा. बैंक | ०९९५७७३४ | ७१०१३ |
| महादेव आ.वि. सुनिता मल्ल | लेखापरिक्षणको क्रममा असुली | १५१११ जेरुजू दाखिला | रा.वा. बैंक | ११४९४०९८ | २०६० |
| जम्मा | | | | | २०७८६९ |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | **एकीकृत आर्थिक विवरण**<br>के.आई.सिंह गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय, डोटी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिका बर्ष २०७८/०७९ एकिकृत आयव्यय विवरण | |

| सि.न | आयतर्फ | | | सि.न | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १८९०३२७०.४२ | १ | चालु खर्च | | २४७३२४०५३.८५ |
| | नगद | | | २ | पुँजिगत खर्च | | ९७२५२५६६.४३ |
| | बैङ्क | १८९०३२७०.४२ | | ३ | बित्तीय व्यवस्था भुक्तानी | | ० |
| २ | आन्तरिक आम्दानी | | ३११२१०२.२२ | | ऋण भुक्तानी | ० | |
| ३ | राजश्व बाडँफाड | | ७३४१४८८७.६२ | | ब्याज भुक्तानी | ० | |
| ख) | राजश्व बाडँफाड संघिय सरकार | ७१६४९९८४.४१ | | ४ | विभिन्न कोष खाताको खर्च | | १४५८३७७.११ |
| ग) | राजश्व बाडँफाड प्रदेश सरकार | १७६४९०३.२१ | | क) | स्थानीय तह प्रकोप व्यवस्थापनकोष | ० | |
| घ) | अन्य आय | ० | | ख) | विविध खर्च खाता | ३०१८८६. | |
| ३ | वित्तीय हस्तान्तरण संघ | | २८८००९०००. | ग) | विविध कोष खाता | ११५६४९१. | |
| क) | वित्तीय समानिकरण अनुदान | ९०७०००००. | | ५ | धरौटी फिर्ता | | ४३४२२१. |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ख) | शसर्त अनुदान | १८४८०९०००. | | ६ | सडक बोर्ड नेपालको खर्च | | २७८९०७७. |
| ग) | समपुरक अनुदान | ० | | ७ | शसर्त अनुदान फिर्ता | | २६४१७००५.११ |
| घ) | विशेष अनुदान | १२५००००००. | | ८ | सामाजिक सुरक्षा तथा संरक्षण (३१४०१०१२३) | १०८८५७१४१ | १०८८५७१४१ |
| ४ | प्रदेश सरकारवाट प्राप्त अनुदान | | १७२११०००. | ९ | एकिकृत स्वास्थय पुर्वाधार विकास कार्यक्रम (३७०००११६४) | ११९८१२३४.४३ | ११९८१२३४.४३ |
| क) | वित्तीय समानिकरण अनुदान | ६१६९०००. | | १० | गरिवसंग विश्वेर कार्यक्रम (३३६००१०२३) | २५०००० | २५०००० |
| ख) | शसर्त अनुदान | ० | | ११ | मौज्दात वाँकी | | ३६०३२९४६.२७ |
| ग) | समपुरक अनुदान | ६०४२०००. | | | बैङ्क मौज्दात संचित कोष खाता | २९६५६६३४.८७ | |
| घ) | विशेष अनुदान | ५००००००. | | | नगद मौज्दात | ० | |
| ५ | अन्तरस्थानीय तहबाट प्राप्त | ० | | | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता बैङ्क मौज्दात | १४७८२६६. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ६ | अन्य विविधि | ६६२६५४६.७८ | ६६२६५४६.७८ | | विविध खर्च खाताको मौज्दात | ७६२१३१.३४ | | |
| | | | ७ | स्थानिय तह प्रकोप व्यवस्थापन कोष खाता | १४७८२६६. | | | विविध कोष खाता मौज्दात | १३८६९५.३५ | | |
| | | | ८ | सडक बोर्ड नेपाल | २९२४१९०. | | | धरौटी मौज्दात | ३९९७२१८.७१ | | |
| | | | ९ | विविध खर्च खाता | ९२८९०४.४३ | | | | | | |
| | | | | विविध कोष खाता | १२९५१८६.३ | | | | | | |
| | | | १३ | धरौटी आय | | ४४३१४३९.७१ | | | | | |
| | | | १४ | सामाजिक सुरक्षा तथा संरक्षण (३१४०१०१२३) | | १०८८५७१४१. | | | | | |
| | | | | एकिकृत स्वास्थय पुर्वाधार विकास कार्यक्रम (३७०००११६४) | | ११९८१२३४.४३ | | | | | |
| | | | | गरिवसंग विश्वेर कार्यक्रम | | २५००००. | | | | | |
| | | | | जम्मा | | ५३२७९६६२२.२ | | | | ५३२७९६६२२.२ | |
| ५ | | | **आन्तरिक नियन्त्रण** | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>•स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>•पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>•पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>•कार्यालयको श्रेष्ता र वैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>•अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>•विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>•पालिकाले जिन्सी सामाको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>•वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>•जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>•कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>•कुनै रकम रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | •स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>•ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>•स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>•सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>•संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>•सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>•वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको अवस्था छ ।<br>•पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>•मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>•खर्चको मितव्ययिता कायम गर्ने सम्बन्धी ऐन र अर्थ मन्त्रालयले दिएको निर्देशन प्रभावकारी रुपमा पालना भएको छैन ।तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **चौमासिक खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

गर्नुपर्ने व्यवस्था छ ।गाउपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| गाउ पालिका पूंजीगत खर्च | ७५२१६८७१ | ० | २७१५२६१५ | ४८०६४२५५ | ४११५९९५७ |
| संघिय सरकारबाट हस्तान्तरित शसर्त शसर्त पूजिगत | १७३२५०१९ | ० | ४७८७७३ | १६८४६२४६ | ११६१७३७२ |
| प्रदेश सरकारबाट हस्तान्तरित शसर्त | ४७१०६७५ | ० | २३३४०० | ४४७७२७५ | १५५१८६३ |
| जम्मा खर्च | ९७२५२५६५ | ० | २७८६४७८८ | ६९३८७७७६ | ५४३२९१९२ |
| खर्च प्रतिशत | | | २८.६५ | ७१.३५ | ५५.८६ |

पालिकाले उपलव्ध गराएको विवरण अनुसार तेस्रो चौमासिकमा रु. ६ करोड ९३ लाख ८७ हजार अर्थात कूल पूँजीगत खर्चको ७१.३ प्रतिशत खर्च गरेको छ। आषाढ महिनामा मात्र कूल पूँजीगत खर्चको ५५.८६ प्रतिशत खर्च देखिनुले वर्षान्तमा मात्र विकास निर्माण कार्यमा खर्च भएको देखिएकोले सन्तुलित खर्च भएको देखिएन ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

| ७ | | | **जिम्मेवारी फरक परेकोः** | |
|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.१</td><td></td><td></td><td>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ ।गाउँपालिकाले लेखापरीक्षणको समयमा उपलब्ध गराएको श्रेस्ता अनुसार जिम्मेवारी सारेको सम्वन्धमा देखिएका ब्यहोराहरु निम्न छन्ः
<table>
<tr><td>विवरण</td><td>पेश भएको श्रेस्ता (वैक नगदी किताव) अनुसार जिम्मेवारी सार्नुपर्ने</td><td>जिम्मेवारी सारेको</td></tr>
<tr><td>प्रकोप ब्यवस्थापन कोष</td><td>२२९९८५४</td><td>१४७८२६६</td></tr>
<tr><td>कार्यसञ्चालन (विविध) कोष</td><td>९८५३१७</td><td>४८५३१७</td></tr>
</table></td><td></td></tr>
<tr><td>७.२</td><td></td><td></td><td>प्रकोप ब्यवस्थापन कोष रु.२२९९८५४।– मौज्दात वाँकी रहेकोमा यस वर्ष रु. १४७८२६६ जिम्मेवारी सारेको पाईयो । फरक परेको जिमेवारीको सम्वन्धमा कार्यालयले यकिन गर्नुपर्ने रु.</td><td>८२१,५८८</td></tr>
<tr><td>७.३</td><td></td><td></td><td>कार्यसञ्चालन (विविध) कोषमा रु.९८५३१७।– मौज्दात वाँकी रहेकोमा यस वर्ष रु. ४८५३१७।– जिम्मेवारी सारेको पाईयो । फरक परेको जिमेवारीको सम्वन्धमा कार्यालयले यकिन गर्नुपर्ने रु.</td><td>५००,०००</td></tr>
<tr><td>८</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारीः<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा अध्यक्ष श्री लोकेन्द्र वहादुर शाहीले मिति २०७८।३।११ गते रु.३७ करोड १९ लाख ८७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयनः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ। सभाबाट स्वीकृत बार्षिक गाउँविकास योजना २०७८।८९ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरीसञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागतको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दीगो प्रतिफल प्राप्त हुने किसिमले संचालन गरेको पाइएन। गांउपालिकाले यसवर्ष संचालन गरेका योजना देहायअनुसार छन्।<br><br>

| १ लाखसम्मका | रु १ लाख देखि ३ लाखसम्मका | रु ३ लाख देखि ५ लाखसम्मका | रु ५ लाख देखि १० लाखसम्मका | १० लाख भन्दा माथी | जम्मा |
|---|---|---|---|---|---|
| ३२ | १३६ | ५९ | ५१ | १४ | २९२ |

<br>उपरोक्त विवरण अनुसार गाउँपालिकाले जम्मा २९२ वटा योजना संचालन गरेकोमा रू.१ लाख भन्दा मुनिका मात्र ३२ वटा योजनाहरु रु.१ लाख देखी रु.३ लाख सम्मका १६ वटा योजनाहरु कार्यान्वयनमा रहेकाछन्। त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षैभरी योजना व्यवस्थापनमा खटिनुपर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवकारी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था देखिएकोले यसतर्फ ध्यानदिनुपर्दछ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>क्षेत्रगत वजेट र खर्च स्थितिः<br>स्थानीय तहका एकिकृत एवं दिगो विकासको लागी क्षेत्रगत रुपमा प्राथमिकताका आधारमा बजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयनबाट लक्ष्य हासील गर्नु पर्दछ ।२०७८।०७९ मा गाउँपालिकाको विनियोजन खर्च रकम स्थिती यस प्रकार रहेको विवरण प्राप्त भएको छ<br><br>

| क्र.सं. | क्षेत्र | बजेट(रु.हजारमा) | खर्च(रु.हजारमा) | बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| 1 | आर्थिक विकास | 37275 | 28892 | 77.51 |
| २ | सामाजिक विकास | 237154 | 200664 | 84.61 |
| ३ | पूर्वाधार विकास | 52713 | 44192 | 83.83 |
| ४ | शुसासन तथा अन्तर सम्बन्धीत क्षेत्र | 3352 | 2736 | 81.62 |
| ५ | कार्यालय प्रशासनिक | 82821 | 68093 | 82.22 |
| | जम्मा | 413315 | 344577 | औषत ८१.१२ |

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट ४१ करोड ३३ लाख १५ हजार मध्ये रु.३४ करोड ४५ लाख७७ हजार खर्च भई ८३.३६ प्रतिशत वित्तीय प्रगति हासील भएको देखिन्छ । गाउँपालिकाले विनियोजनको प्रथमिकिकरण गरेको पूर्वाधार विकास,आर्थीक र सामाजिक विकासको लगानी उपयुक्त देखिन्छ। यद्यपी स्वीकृत वजेटको तुलनामा खर्च सन्तोषजनक छैन। वजेट खर्च चौमासिक रुपमा प्राथमिकरण गरी कार्यान्वयन गर्नुपर्दछ। | |
| ११ | | | **खर्च बिश्लेषण:**<br>पालिकाले गत वर्षको मौज्दात वांकी रु.१८९०३२७०.४४ यसबर्ष कुल आन्तिरक आयबाट रु.३११२१०२.२२ राजस्व बाँडफाँड र अनुदानबाट रु.७३४१४८८७.६२ समेत रु.९५४३०२६०.२८ आम्दानी भएकोमा चालु तर्फ रु. ७९०३७९४९.७८ र पूँजिगत तर्फ रु.५२१४६८९.00 र बित्तिय ब्यबस्था तर्फ रु ०.०० समेत रु ८४२५२६३८.७८ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ११.१८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ९०१५०००.० खर्च भएको छ जुन आन्तरिक आयको ७.३२ प्रतिशत रहेको छ । गांउपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२ प्रतिशत चालु र ३८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट गांउपालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| १२ | | | **कार्यस्वीकार प्रतिवेदन:**<br>सार्वजनिकखरिदनियमावली, २०६४ को नियम ११७ मा आयोजनाको उद्धेश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परिक्षण गरी प्रमाणित भई निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले निर्माण कार्यको कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने तथा नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख भएकोमा गाउँपालिकाले निर्माण कार्य सम्पन्न नभई देहाय अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाईयो। नियमावलीमा ब्यवस्था भएवमोजिम निर्माण कार्य सम्पन्न भए पछि मात्र कार्यस्वीकार प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु पर्नमा निर्माण कर्य जारी राखेको,म्याद थप मागेको अवस्था अगाडी गरे भएको कार्य मापन मूल्याङ्कन गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने प्रविधिकलाई थप जिम्मेवार वनाई अधुरो निर्माण कार्यको छनविन गरी निर्माण कार्य सम्पन्न गर्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>योजनाको नाम</td><td>नापी मिति</td><td>कार्यसम्पन्न मिति</td><td>कैफियत</td></tr>
<tr><td>चामडेआम -वर्मा सडक निर्माण</td><td>२०७९।१।४</td><td>२०७८।११।३०</td><td>२०७९।३।९ मा २०७९।३।२० सम्म म्याद थपको निवेदन दिएकोमा म्याद थप स्वीकृत नभएको</td></tr>
<tr><td>पिलेकाडा पोखरी निर्माण</td><td>२०७८।१०।२८</td><td>२०७८।११।१७</td><td>२०७९।३।९ मा २०७९।१।१५ देखि २०७९।३।१० सम्म म्याद थपको निवेदन दिएकोमा म्याद थप स्वीकृत नभएको</td></tr>
<tr><td>पिलेकाडा कार्कीवगर सडक निर्माण</td><td>२०७९।१।१२</td><td>२०७८।१०।२५</td><td>-</td></tr>
<tr><td>खेतखोला कोटीगाउँ वलरगाउँ खानेपानी निर्माण</td><td>२०७९।२।१२</td><td>२०७८।११।२६</td><td>२०७९।३।१४ मा २०७९।३।२० सम्म म्याद थपको निवेदन दिएकोमा म्याद थप स्वीकृत नभएको</td></tr>
<tr><td>सलेनीगाउँ सिचाई कुलो निर्माण</td><td>२०७९।२।११</td><td>२०७९।१।१</td><td>२०७९।३।१५ मा २०७९।३।२० सम्म म्याद थपको निवेदन दिएकोमा म्याद थप स्वीकृत नभएको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>योजना हस्तान्तरणः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समिति वा लाभग्राही समूदायले निर्माण कार्य सम्पन्न गरेपछी सोको अभिलेख राखी रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी उपभोक्ता समितिलाइ हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । गाउँपलिकाले आफ्नो कार्य क्षेत्र भित्रको उपभोक्ता समिति वा लाभग्राही समूदायले निर्माण गरेको आयोजनाको अभिलेख राखी मर्मत सम्भारको जिम्मेवारी सहित उपभोक्ता समितिलाइ हस्तान्तरण गरेको पाइएन । अतः नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>दर विश्लेषणः<br>सडक विभागको सडक तथा पुल निर्माण कार्यको दर विष्लेषण नर्म्स २०७५ को ९०५ को B मा सडक निर्माणको लागी सवै किसिमका वाटो खन्ने कार्यको नर्म्समा तोकिएवमोजिम हाईड्रोलिक एक्जाभेटरको भाडा दर जिल्ला दररेटमा नतोकिएकोमा यस जिल्ला स्थीत अन्य स्थानिय तहमा सडकले प्रयोग गरेको दरलाई आधारमानी दर(२३९२ प्रति घण्टा) विष्लेषण गरी निर्माण कार्य गराउदा प्रति घनमिटर देहायवमोजिम सडक निर्माणको प्रत्येक योजनामा वढि लागत पर्ने गरी लागत अनुमान तयार गरी सोही वमोजिम सम्झौता भई भुक्तानी हुदा गाउँपालिकालाई सडक निर्माण सम्वन्धि योजनामा थप ब्ययभार पर्न</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गएको पाईयो । सो सम्वन्धमा ठेक्काको अभिलेख माग गरेकोमा उपलब्ध हुन सकेन ।जिल्ला स्थीत सडकले प्रयोग गरेको दर भन्दा फरक दर विश्लेषण गरी भुक्तानी हुदा सोही जिल्ला स्थीत अन्य पालिकामा भन्दा सडक निर्माणमा पालिकालाई थप ब्ययभार परेको देखियो । आफ्नो कार्यक्षेत्र भित्र निर्माण कार्यको नर्म्स तोक्दा अन्य पालिकाहरुको नर्म्स समेतलाई आधार मानी मितब्ययी नर्म्स स्वीकृत गराई वजेट खर्च गर्नुपर्दछ।<br>
<table>
<tr><td>योजनाको नाम</td><td>प्रयोग गर्नुपर्ने दर</td><td>प्रयोग गरेको दर</td><td>फरक दर</td></tr>
<tr><td>निर्माण ब्यवसायी मार्फत</td><td>५५.३३</td><td>७५</td><td>१९.६७</td></tr>
<tr><td>उपभोक्ता समिति मार्फत</td><td>४८.११</td><td>७५</td><td>२६.८९</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>चेनेज नखुलाएको:<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा सार्वजनिक निकायले खरिदको लागत अनुमान तयार गर्दा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुनसक्ने वा काम पिच्छे छुट्टै सम्झौता गर्नुपर्ने समेतको विचार गर्नुपर्ने व्ययवस्था छ । गाउँपालिकाले यो वर्ष विभिन्न १४ वटा सडक निर्माण सम्बन्धी कार्य गर्दा गत विगत वर्षको योजना सँग मेल खाने नामका धेरै सडकहरु निर्माण कार्यको भुक्तानी गरेको देखियो । निर्माण गरिने सडकको मूल लागत अनुमान तयार गरी उपलव्ध बजेट र समयको आधारमा चेनेज खुलाई फरक फरक खण्डको नाम दिई खरिद विधि छनौट गर्नु पर्नेमा एउटै नाम रहेका सडकहरु सबैको चेनेज शुन्यबाट शुरु गरेको अवस्थामा निर्माणका कार्यहरु फरक फरक खण्डका सडकहरु हुनवा एउटै खण्डका बैकल्पिक सडकहरु हुन खुल्न आएन । यसरी एउटै खण्डमा दुई वा सो भन्दा बढी निर्माण कार्यका सम्झौताहरु हुन वा एउटै खण्डको सडकमा दोहोरो भुक्तानी भएका हुन एकिन गर्न नसकिएकोले निर्माण योजनाहरु फरक फरक निर्माण कार्य भएको प्रमाणित गराई चेनेज खुलाई ठेक्का अभिलेख खाता व्यवस्थित गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>गुणस्तर परिक्षणः<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३(१) को खण्ड ग र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११(१) को खण्ड ङ मा निर्माण कार्यको गुणस्तर परिक्षण र नियन्त्रणको व्यवस्था गरेको छ । गाउँपलिकाले उपभोक्ता समिति मार्फत विभिन्न योजनाहरुमा काम गराइ भुक्तानी गर्दा गुणस्तर परिक्षण नगराइ भुक्तानी गर्ने गरेको पाइयो । निर्माण कार्यमा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गुणस्तरको महत्वपूर्ण भूमिका रहने हुंदा निर्माण कार्यमा प्रयोग हुने ग्याबियन तार, डण्डी, सिमेन्ट निर्माण कार्यको क्यूबटेष्ट तोकिएको गुणस्तर अनुसार भए नभएको सुनिश्चित गरी भुक्तानी गर्नुपर्दछ । | |
| १७ | | | **बार्षिक खरिद योजना/गुरुयोजनाः**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक रू १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्थाछ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९ करोड ७२ लाख ५२ हजार ५६६ पूँजीगत खर्च/खरिद/निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरु योजना नबनाई खरिद कार्य गरेको देखियो। अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ। | |
| १८ | | | **योजना कार्यान्वयनः**<br>गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार विभिन्न ४ वटा वडा कार्यालयवाट वजेट विनियोजन भई सम्झौता भएका १३ योजनाहरु सम्झौता भएर पनि काम भएका छैनन् । स्थानिय आवश्यकताका आधारमा योजना छनौट गर्ने र योजना सम्झौता गरेर निर्माण नगर्ने उपभोक्ता समिति लाई खरिद नियमावली भएको ब्यवस्था अनुसार तोकिएको समयका लागी उक्त समितिका सदस्यलाई अर्को समितिमा रही कार्य गर्न नपाउने गरी आवश्यक कारवाही गर्नुपर्दछ । | |
| १९ | | | **के.आई.सिंह संग्रालय निर्माणः**<br>संघीय सरकारको समपुरक अनुदान अन्तर्गत के.आई.सिंह संग्रालय निर्माण गर्न के.आई.सिंह गाउँपालिका र प्रशंसा कन्ट्रक्सन बीच संघीय सरकारको समपुरक अनुदान अन्तर्गत संग्रालय निर्माणको लागी मिति २०७७।०२।२१ गते रु १,६१,४४,९६७मा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएकोमा आ.व २०७८।०७९ मा उक्त निर्माण कार्यको अन्तिम बिल भुक्तानी गर्दा कार्यालयको तर्फबाट ईलेक्ट्रेसिटी र स्यानिटरीको रकम रु १० लाख लङ्सम (L.S.)मै भुक्तानी दिएको पाईयो । उक्त निर्माण कार्यको लागत अनुमान समेत सोही वमोजिम लङ् सममै बनाई अन्तिम भुक्तानी दिदाँ नापी किताबमा समेत बिस्तृत दर रेट तयार नगरी भुक्तानी दिएको पाईयो । यसरी भुक्तानी दिदाँ उक्त योजनामा प्रयोग हुने सामाग्रीको स्पेशिफिकेशन र गुणस्तर समेत एकिन हुन नसकेको देखिन्छ । अन्तिम बिल भुक्तानी भई आन्तरीक लेखापरीक्षण गर्दा उक्त रकम लङ् | २८३,०३१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सममै भुक्तानी भएको भनी सम्बन्धित प्राबिधिक शाखा संग बुझी पुन बिस्तृत दररेट तयार गरी हेर्दा रु २,८३,०३१। रुपैया बढी भुक्तानी भएको देखिन्छ । उक्त बढी भुक्तानी भएको रकम रु २,८३,०३१ । सम्बन्धीत निर्माण व्यवसायीवाट असुल उपर गर्नु पर्ने रु</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>ठेक्का व्यवस्थापन :<br>सार्वजनिक खरीद नियमावली,२०६४ को नियम २०(३) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा कार्यक्रम सूचारु रुपले कार्यान्वयन गराउन र निर्धारीत समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायगत सहयोग, लगत अनुमान तयारी, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमिसकमा सम्पन्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कूल १२ ठेक्का सम्झौता गरेकोमा प्रथम चौमासिकमा कुनै पनि ठेक्का स्वीकृत हुन नसकेको दोश्रो चौमासिकमा ६ वटा ठेक्का र तेश्रो चौमासिकमा ६ वटा ठेक्का सम्झौता भएको विवरण प्राप्त भएको छ । अतः नियमको परीपालना गरी प्रथम चौमासिकमा ठेक्का सम्झौता सम्पन्न गरी कार्यान्वयनको सुनिश्चतत गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>अधुरा ठेक्का :-<br>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको समिक्षा गरी प्रगती कम हुनुका कारण पहिचान गरी सो को लागी जिम्मेबार व्यक्ति पहिचान गरी जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कार्वाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले सञ्चालन गरेका ठेक्काहरु मध्ये निम्नानुसारका ठेक्का अधुरा अवस्थामा रहेका भनी रु. १,६७,२८,५०६।-कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको विवरण पेश भएको छ । यस प्रकारको दायित्त्व गत विगत वर्षको समेत सदै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी वर्षे वर्षसम्म योजना सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । निर्माण कार्यको सम्बन्धमा नियमावलीको व्यवस्था अनुसार आवश्यक कारवाही गरी योजना सम्पन्न गराउनु पर्दछ ।<br>
<table>
<tr><th>क्र.सं.</th><th>योजना</th><th>सम्झौता रकम</th><th>सम्झौता मिती</th><th>सम्पन्न हुनुपर्ने मिती</th><th>यो वर्ष सम्मको भुक्तानी</th><th></th></tr>
<tr><td>१</td><td>वार्ड नं. ३ वडा कार्यालय भवन</td><td>7773444।-</td><td>2078/8/3</td><td>2079/3/3</td><td>5470151।-</td><td></td></tr>
<tr><td>२</td><td>वार्ड नं.५ वडा कार्यालय भवन</td><td>7804444।-</td><td>2078/8/3</td><td>2079/3/3</td><td>5805573।-</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>सिताराम आ.वि भवन</td><td>4633899 । -</td><td>2079/1/5</td><td>2079/3/25</td><td>3635042 । -</td><td></td></tr>
<tr><td>४</td><td>काफली खा.पा.योजना</td><td>3397260 । -</td><td>2079/1/5</td><td>2079/3/26</td><td>1817740 । –</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>वडा कार्यालय भवन निर्माणः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनका क्रममा सिर्जना भई ऐनको दफा ५४ अनुसार भेरियसन जारी गर्नुपर्ने अवस्थामा उपनियम २ ले तोकेको प्रक्रिया पुरा गरेर मात्र यस्तो आदेश जारी गर्नुपर्ने व्यवस्था छ । वडा कार्यालय भवन निर्माण वडा नं १ को निर्माण व्यावसायी जे.आर कन्सट्रक्सन प्रा.लि सँग २०७६/०२/३१ मा रु.५९,४८,५९६।– मा सम्झौता गरी भवन निर्माण कार्य २०७८/०३/३० मा सम्पन्न गर्ने म्याद कायम रहेकोमा २०७८/१२/३० सम्म प्रथम पटक म्याद थप भएको देखियो । अन्तिम रनिङ्ग बिल बाट रु.५८२२८९८।– भुक्तानी भएको छ । ठेक्काको म्याद सकिए पश्चात मेशिनरी वालको बि.ओ.कयू परिमाण ७४.३ घ.मि मध्ये २५.४ घ.मि मात्र गरेर सो ठाउँमा ब्रिकको बि.ओ.कयुमा नभएको न्यू आईटम थप गरी २२ घ.मि प्रति घमि १४११४.३० थप गरेको देखियो । यसरी ढुङ्गाको वाल लगाउने कार्य ठेक्काको म्याद सकिए पश्चात ठेक्काको आईटम सच्चयाई ईटाको वाल लगाउँदा दर रेट निर्माण व्यवासायी सँग माग गरी बार्ता द्धारा घटिघटाउमा उचित दर कायम गरेर मात्र निर्माणको कार्य गर्नुपर्नेमा घटाघटको प्रक्रिया अपनाई सोझै निर्माण व्यावसायिले पेश गरेको दरका आधारमा निर्माण गरी भुक्तानी हुँदा थप १६७५१४.६०।– बढी व्ययभार परेको देखियो । भेरियशन स्वीकृत गर्दा थप आर्थिक दायित्व समेतलाई बिचार गरी नियमावलीको नियम ११८(२ क) को प्रक्रिया एकिन गरेको पाईएन । अतः नयां आइटमको भेरियशनमा नेगोसियसनवाट दर कायम गरी भेरियशन आदेश जारी गर्नु पर्नेमा सो वेगर थप भुक्तानी भएको रकम अनियमित देखिएको रु.</td><td>१६७,५१४.६</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>म्याद थप :-<br>सार्वजनिक खरीद नियमावली ,२०६४ को नियम १२१ निर्माण व्यवसायीको ढिला सुस्तीका कारणले सम्झौता बमोजिम काम तोकिएको म्याद भित्र सम्पन्न गर्न नसकेमा निजले सम्झौता रकमको १० प्रतिशत नबढने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५% ले हुने जरीवाना पूर्व निर्धारीत क्षतिपूर्ती असूल गर्नु पर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार म्याद भित्र सम्पन्न हुन नसकेको ठेक्का यसप्रकार रहेका छन् .।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |

| सि.नं. | ठेक्का विवरण | ठेकेदारको नाम | सम्झौता रकम | भुक्तानी रकम | म्याद समाप्त हुने मिती | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | साँझा सुविधा केन्द्र | एल.एच.कष्ट्रक्सन प्रा.ली. | 970003।- | 959853।- | 2079/3/13 | म्याद थप नभएको |
| २ | विद्युतपोल तथा तार खरीद | एल.एच.कष्ट्रक्सन प्रा.ली. | 938352।- | 938352।- | 2078/9/20 | निर्माण कार्य बाँकी म्याद थप नभएको |
| ३ | अनागाड नारीदाङ्ग सडक | टि.वि.इन्जिनियरिङ्ग प्रा.ली. | 1408124।- | 1305879।- | 2079/3/20 | म्याद थप नभएको |
| 4 | लेक सिंचाई कुलो निर्माण | वि.पि.निर्माण सेवा | 1584666।- | 1568784।- | 2079/3/25 | म्याद थप नभएको |
| ५ | काफली खा.पा.निर्माण | जे.आर.कष्ट्रक्सन | 3397260।- | 1817740।- | 2079/3/26 | म्याद थप नभएको |
| ६ | भूमीराज मा.वि.भवन | वि.पि.निर्माण सेवा | 1905284।- | 1799993।- | 2079/3/25 | म्याद थप नभएको |
| ७ | सिताराम आ.वि .भवन | आर.आर.कष्ट्रक्सन | 4633899।- | 3635042।- | 2079/3/25 | म्याद थप नभएको |
| ८ | वार्ड नं.१ स्वास्थ्य केन्द्र भवन | जे.आर.कष्ट्रक्सन | 2592168।- | 2489688।- | 2078/3/30 | ३ पटक म्याद थप भइसकेको |
| ९ | वार्ड नं.१वडा कार्यालय भवन | जे.आर.कष्ट्रक्सन | 6608914।- | 6566875।- | 2078/3/20 | ३ पटक म्याद थप भइसकेको |
| १० | के.आई.सिं.संग्रालय | प्रशंसा कष्ट्रक्सन | 18243812।- | 18110862।- | 2078/2/21 | ३ पटक म्याद थप भइसकेको |

उपरोक्त ठेक्काहरु मध्ये १० ठेक्कामा सम्झौता तोकेको म्याद भित्र कार्य सम्पन्न हुन नसकेका, सो मध्ये ३ ठेक्कामा सत प्रतिशत भन्दा बढी म्याद पटक पटक थप भएको, बाँकी ठेक्का को म्याद समाप्त भएको, म्याद थपका लागी निवेदन समेत पेश नभई म्याद थपको प्रकृया अगाडी बढेको नदेखिएकाले उक्त ठेक्काको जमानत समेतको म्याद समाप्त भएको देखिएकोले सम्झौताका शर्त एवं नियमावलीको व्यवस्था अनुसार पूर्व निर्धारीत १० प्रतिशतले हर्जना असूल गरेर मात्र आवश्यकता अनुसारको म्याद थप गरी समयमा नै निर्माण कार्य सम्पन्न गर्न आवश्यक व्यवस्था हुनु पर्दछ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **सुरक्षीत नागरिक आवास कार्यक्रमः**<br>सुरक्षीत नागरिक आवास कार्यक्रम अन्तर्गत कार्यपालिकाको निर्णयबाट १४३ घरधुरी परिवारलाई पराल तथा खरको छानालाई जस्तापाताको छानामुनी ल्याउने गरी नेपाल सरकारले तोकेको मापदण्डको अनुसूची १ दफा ४ को (१) बमोजिम लाभग्राहीको छनोटका आधारमा सम्झौता अनुसार रु.५० हजारमा नबढने गरी प्रथम किस्ता ६० प्रतिशतले हुने आ.व.२०७७।७८ मा प्रथम र दोश्रो किस्ता रु.६३१००००.०० भुक्तानी भएको र यस आ.व. मा १०४ जनालाई बाँकी ४० प्रतिशत समेत रु.२०८००००.००2080000।– गरी रु.८३९००००.०० खर्च भएको विवरण पेश भएको छ । उक्त कार्यक्रम अनुसार प्रथम किस्ता लिएका लाभग्राहीको कार्य मापन मूल्याङ्कन नगरी दोश्रो किस्ता उपलब्ध समेत गराएको, छाना निर्माणको लगत स्टीमेत सम्झौता नगरी निवेदनका आधारमा रकम भुक्तानी गरेको, दोश्रो किस्ता निकासा दिदै प्रथम किस्ताको विल भरपाई पेश नगरेको, के कति घर धुरीले हालको पराल वा खरको छाना जस्ता पाताले विस्थापीत गरे सो को अद्यावधिक प्रगति पेश नभएकाले यसरी निवेदनका आधारमा दिएको रकम हिनामीना हुनसक्ने अवस्था देखियो । तसर्थ पहिलो किस्ता लिएका लाभग्राहीको प्रगती मूल्याङ्कन गरी छाना विस्थापीत गर्ने कार्य नभएका लाभग्राही एकिन गरी दिन बाँकी दोश्रो किस्तको निकासा रोक्का गर्नु पर्दछ । | |
| २५ | | | **करार कर्मचारी नियुक्तीः** | |
| २५.१ | | | स्थानिय सरकार सञ्चालन ऐनको २०७४ को दफा ८३ (८) बमोजिम गाउँपालिकाले नगर प्रहरी,सवारी चालक, कार्यालय सहयोगी पलम्वर ईलेक्ट्रिसियन चौकिदार मालि बगैचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यस्था गरेको छ यस गाउँसभाको निर्णय अनुसार प्रत्येक वडामा एक जना सहायक कर्मचारी गरि सातजना लाई प्रत्येक महिना रु १८०००.०० का दरले करार कर्मचारी नियुक्त गरि जम्मा रु १५,१२,०००.०० भुक्तानी दिएको देखिन्छ । यस गाउँपालिकाले प्रदेश लोकसेवा आयोगलाई उल्लेखित पदको पदपूर्तिको लागि माग आकृति फारम भरी पठाईसकेको हुँदा प्रदेश लोकसेवा आयोग बाट कर्मचारी छनौट भई आएपछी ति सहायक कर्मचारीहरुको पद स्वत सकिने कानुनि व्यवस्था भएको कारण निज सहायक कर्मचारीहरुलाई सो अवधिक सम्मको लागि प्रत्येक आर्थिक वर्षको सुरुमा कार्यसम्पादन सम्झौता गरि तलब भत्ताको रकम भुक्तानी दिनुपर्दछ । अन्यथा प्रतिस्पर्धालाई सिमित गरी पालिककाको आफ्नो आन्तरिक श्रोत समेत न्युन भएको हुँदा बिभिन्न पदमा सेवा करारमा भर्ना गर्ने परिपाटीको अन्त्य हुनुपर्दछ । | |
| २५.२ | | | स्थानिय सरकार सञ्चालन ऐनको, २०७४ को दफा ८३ (८) बमोजिम गाउँपालिकाले नगर प्रहरी,सवारी चालक, कार्यालय | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सहयोगी पलम्वर ईलेक्ट्रिसियन चौकिदार मालि बगैचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यस्था गरेको छ। गाउँसभाको निर्णय अनुसार दलित संग अध्यक्ष कार्यक्रममा प्रति महिना रु २०,०००.०० दिने गरि एक जना सहायक कर्मचारी करारमा नियुक्त गरि जम्मा दशै भत्ता समेत बार्षिक रु २६०,०००.०० भुक्तानी दिएको देखिन्छ । यस्ता प्रकारकमा कार्यक्रम सन्चालन पालिकामा भएका मौजुदा जनशक्तिबाट गर्दा गाउँपालिकालाई आर्थिक व्ययभार समेत कम पर्ने र स्थायी कर्मचारीहरुबाट कार्यक्रम सन्चालन गर्दा उत्पादन र उत्पादकत्व समेत अभिबृद्धि हुने हुँदा गाउँपालिकामा सन्चालित प्रत्येक कार्यक्रमकोलागि छुट्टै कर्मचारि नियुक्ति गरी तलब भत्ता भुक्तानी दिनु कानुन सम्मत देखिएन । अत यस्ता अनुत्पादक खर्चलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ती:<br>गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको ब्यवस्था पुरा हुन नसकेको,७ वडा मध्ये ४ वडा सचिवको पदपूर्ती खाली रहेको विवरण प्राप्त भएकोले वडा सचिवको दरवन्दी यथाशिघ्र पदपूर्ती हुनुपर्दछ।
<table>
<tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>७</td><td>७</td><td>३</td><td>४</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधाः<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाउपालिकाबाट देहाय बमोजिम रु.६४ लाख ७७ हजार ५ सय सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><td rowspan="3">सि.नं</td><td rowspan="3">विवरण</td><td rowspan="3">अध्यक्ष</td><td rowspan="3">उपाध्यक्ष</td><td rowspan="3">वडाअध्यक्ष ७ जना</td><td>गाउँकार्य</td><td rowspan="3">सभाका सदस्य २४ जना</td><td rowspan="3">जम्मा</td></tr>
<tr><td>सदस्य ६ जना</td></tr>
<tr><td></td></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>यातायात खर्च</td><td>१००००</td><td>९०००</td><td>०</td><td>०</td><td>०</td><td>१९०००</td></tr>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>६०००</td><td>५०००</td><td>२४५००</td><td>१८०००</td><td>४८०००</td><td>१०१५००</td></tr>
<tr><td>४</td><td>पुस्तक,पत्रीका, ईन्टरनेट</td><td>५०००</td><td>४५००</td><td>२८०००</td><td>१८०००</td><td>४८०००</td><td>१०३५००</td></tr>
<tr><td>५</td><td>समन्वय तथा सहजीकरण</td><td>९०००</td><td>७०००</td><td>४२०००</td><td>३००००</td><td>७२०००</td><td>१६००००</td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>१००००</td><td>९०००</td><td>४९०००</td><td>०</td><td>०</td><td>६८०००</td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/ सरसफाई</td><td>३५००</td><td>३०००</td><td>१४०००</td><td>१२०००</td><td>२४०००</td><td>५६५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>43500</td><td>37500</td><td>१५७०००</td><td>७८०००</td><td>१९२०००</td><td>५०८५००</td></tr>
<tr><td></td><td>१२ महिनाको</td><td>५२२०००</td><td>४५००००</td><td>१८८४०००</td><td>९३६०००</td><td>२३०४०००</td><td>६०९६०००</td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>२५०००</td><td>२२५००</td><td>११२०००</td><td>५४०००</td><td>१६८०००</td><td>३८१५००</td></tr>
<tr><td></td><td>कूल जम्मा</td><td>५४७०००</td><td>४७२५००</td><td>१९९६०००</td><td>९९००००</td><td>२४७२०००</td><td>६४७७५००</td></tr>
</table>
कानुनले तोके वमोजिमको सुविधा उपयोग गर्दा जनप्रतिनिधिले पालिकामा गरेको सेवा प्रवाह देखिएन । पालिकावाट प्रवाह हुने सेवाको प्रगती माग गरेकोमा उपलब्ध नभएकोले सुविधासँग सेवा प्रवाहलाई एकिकृत गरेर मात्र सुविधा उपलब्ध गराउनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>
नपाउने स्थानिय भत्ता भुक्तानीः<br>
भ्रमण खर्च नियमावली २०६४ को नियम ७ को उपनियम ११मा भ्रमण रही दैनिक भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिमा स्थानिय भत्ता वा अन्य कुनै किशिमको भत्ता नपाउने उल्लेख छ ।कार्यालयबाट अन्यत्र भ्रमणमा खटिएका कर्मचारीलाई दैनिक भत्ता भुक्तानी गर्दा दैनिक भत्ता उपभोग गरेको अवधिभरको स्थानिय भत्ताकट्टी गरेर मात्र भुक्तानी गर्नु पर्नेमा पुरै भुक्तानी गरेकोले नपाउने भत्ता असुल हुनु पर्ने रु
<table>
<tr><td>कर्मचारीको पद र नाम थर</td><td>आ व २०७८।७९ मा दैनिक भत्ता उपभोग गरेको दिन</td><td>दैनिक स्थानिय भत्ता दर रु</td><td>नपाउने स्थानिय भत्ता रु</td></tr>
<tr><td>वडा सचिब श्री कमल बहादुर हमाल</td><td>६२</td><td>१०७</td><td>६६३४</td></tr>
</table>
</td><td>११,६०२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वडा सचिब डम्मरलाल भट्ट \| ५४ \| ९२ \| ४९६८<br>जम्मा \| \| \| ११६०२ | |
| २९ | | | **स्वास्थ्य पूर्वाधार संघीय पूँजीगत तर्फः** | |
| २९.१ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार निर्माण व्यावसायीको ढीलाईका कारण खरिद सम्झौता बमोजिमको कार्य सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने सम्झौताको बिशेष शर्तको ४७.१ मा उल्लेख छ । दश शैयाको अस्पताल भवन निर्माणको ल.ई रु.९७९४२२६५।– भ्याट बाहेक स्वीकृत भई निर्माण व्यावसायी के.एस.तेडी मणिलेक जे.भि सँग २०७८/०३/२३ मा रु.८१५८५७८३.४१।– मा २०७९/०६/२३ मा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको देखियो ।सम्झौता अनुसरा निर्माण व्यावसायिले पेश गरेको कार्यान्वयन तालिका अनुसार निर्माण कार्य नै प्रारम्भ हुन नसकेको, कार्यालयले २०७९/०१/२६ मा लिखित जानकारी गराई निर्माणको कार्य अबिलम्ब अगाडी बढाउन पत्राचार गरेको, निर्माण कार्यमा अनावश्य ढिलासुस्ती, हेलचेत्र्याई गरी योजना कार्यान्वयनमा असर पार्ने कार्य गरेको भनी चेतावनी दिएकोमा अटेर गरी थप निर्माण कार्य सुरु नै नभएको अवस्था स्थलगत अनुगमनबाट देखियो । ठेकेदारले हालसम्म प्रथम रनिङ्क बिल बाट ल्याण्ड डेभलोपमेन्ट वर्क बापत माटो कटानको रु.४४०८१७२।– भुक्तानी लिएको निर्माण स्थलबाट निर्माण व्यावसायी बाहिरिएको हाल थप प्रगति हुन नसकेको स्थिति छ । निर्माण व्यावसायिको लापर्बाहिका कारण निर्माण कार्यको म्याद समाप्त भएको देखिएकोले नियमावली तथा सम्झौताको बिशेष शर्तको ४७.१ अनुसार सम्झौता रकमको बढिमा १० प्रतिशतले हुने पूर्बनिर्धारित क्षतिपूर्ति असुल गरेर मात्र मनासिब माफिकको म्याद थप गरी सो समय भित्र निर्माण कार्य सम्पन्न गरी अस्पतालको सेवा सुनिश्चितता गर्नु पर्दछ । | |
| २९.२ | | | **पेश्की रकम जोखिममाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायीवाट अग्रिम वैंक जमानत लिई खरिद सम्झौताको रकमको २० प्रतिशतमा नवढ्ने गरी पेश्की दिन सकिने व्यवस्था छ । सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको वैंक खाता मार्फत मात्र भुक्तानी हुने व्यवस्था छ । पेश्की लिनेले पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी सार्वजनिक निकायलाई तोकिए बमोजिम उपलव्ध गराउनु पर्दछ । पेश्की रकम सम्बन्धित काममा प्रयोग भएको नपाइएमा लिएको अग्रिम जमानत जफत हुने व्यवस्था छ ।पालिकाले उक्त अस्पताल भवन निर्माणको निर्माण ब्यवसायी के एस तेडी मणिलेक जे.भी.ले पेश गरेको पेश्की | १,३९६,३६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जमानतको म्याद सकिएको र निर्माण कार्य पुरा नभई रू. १३९६३६५।- पेश्की रही जोखिममा परेको देखियो ।उक्त पेश्की जमानतको म्याद थप गराउनु पर्ने अन्यथा असुल फस्यौंट गर्नु पर्ने रु | |
| ३० | | | **शिक्षक दरवन्दी र पदपूर्तिः**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३३ सामुदायिक विद्यालयहरुको कुल शिक्षक दरबन्दी ८० स्वीकृत रहेकोमा राष्ट्रिय किताबखानावाट ६१ शिक्षकहरुको तलवी प्रतिवेदन पारित भएको छ ।३३ सामुदायिक विद्यालयहरुको कुल शिक्षक १३० मध्ये ६९ शिक्षकहरु करार तथा राहतमा कार्यरत रहेका छन् ।सम्वन्धमा आवश्यकता पहिचान गरी स्थायी पदपूर्ती तर्फ सम्वन्धित निकायले पहल गर्नु पर्दछ ।अन्यथा थप व्ययभार पारेको सम्वन्धमा तालुक निकायवाट आवश्यक अनुगमान तथा नियमन हुनु पर्दछ । | |
| ३१ | | | **पारित ग्रेड भन्दा वढी निकासाः**<br>पालिका अन्तर्गत स्थायी रुपमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको शिक्षा किताबखानावाट पारित तलवी प्रतिवेदनका आधारमा तलव खर्च लेखुपर्ने कानुनी ब्यवस्था अनुसार यस पालिकाले राष्ट्रिय किताबखानावाट शिक्षकहरुको तलवी प्रतिवेदनमा पारित भएको ग्रेड भन्दा वढी निकासा दिएकोले वढी निकासा भएको रकम सम्वन्धित शिक्षकहरुवाट रु.३२६२८.०० असुल गरि दाखिला गर्नु पर्ने रु. | ३२,६२८ |

| विद्यालयका | शिक्षकको नाम | पारित ग्रेड रकम | निकासा ग्रेड | वढि निकासा | असुल गर्नु पर्ने रकम ४ महिना र दशैं समेत |
|---|---|---|---|---|---|
| मुहन्यनल आ.वि.लोलि | मिन व.वम | ७०४९ | ८०५६ | १००७ | ५४३८ |
| वासुदेव आ.वि.कपाडी | पदमराज भट्ट | ७०४९ | ८०५६ | १००७ | ५४३८ |
| भिमे मालिका मा.वि.वायल | डील्लीराज जोशी | ७०४९ | ८०५६ | १००७ | ५४३८ |
| श्री शोभा आ.वि.वायल | दल वहादुर कूंवर | ७०४९ | ८०५६ | १००७ | ५४३८ |
| छत्रेश्वर मा.वि.फलेडी | खगेन्द्र राज भट्ट | ७०४९ | ८०५६ | १००७ | ५४३८ |
| सरस्वती मा.वि. रानागांउ | सावित्री राना | ७०४९ | ८०५६ | १००७ | ५४३८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ३२६२८ | |
| ३२ | २९, 2079/3/25, | २०७९-३-२५ | **नमुना विद्यालय संचालन एवं ब्यवस्थापन सुधार सुधार कार्यक्रमः**<br>नमुना विद्यालय संचालन एवं ब्यवस्थापन सुधार सुधार कार्यक्रम अन्तर्गत नमूना २ र ४ कोठे भवन निर्माण कार्यक्रममा नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशीका २०७४ अनुसार छनोट भएका तपशिलका विद्यालयहरुलाई शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा श्रोत केन्द्र सानोठिमीको च.नं.२२५ मिति २०७९।३।१७ को परिपत्र उल्लेख गरी प्रथम चौमासिकमा ठेक्का सम्झौता गरेर कार्यान्वयन गर्नु पर्ने भवन निर्माण सम्बन्धी कार्य आगामी वर्ष कार्यान्वयन गर्ने गरी विद्यालयलाई नै जिम्मेवार र जवाफदेही बनाउने गरी निकासा दिने व्यहोराको पत्रका आधारमा वर्षान्तमा निर्माण कार्य सम्पन्न गर्नु अगाडी रु.८४ लाख ३३ हजार बजेट खर्च लेखी निकासा दिएको रकम रोक्का राखेको पाईयो । वर्षान्तमा बजेट फ्रिज हुन नदिने नियतका साथ विल भरपाई वेगर खर्च लेखी विद्यालयलाई निकासा दिनु बजेट निती तथा कार्यक्रम सिद्धान्त विपरीत देखिन्छ । भवन निर्माण प्रारम्भ नै नगरी विद्यालयलाई खर्च प्रमाणीत गर्ने आधार वेगर दिएको उक्त रकमको सम्झौता बमोजिम यथासिघ्र तोकिएका कार्य सम्पन्न गर्न लगाई त्यसको कार्य सम्पन्न प्रतिवेदन समेतको प्रगती प्रतिवेदन लिई निर्माण सम्पन्नको प्रमाण पेश गर्नु पर्ने अन्यथा उक्त विद्यालयको खातामा विना आधार खर्च लेखी पठाएको रकम संघिय संञ्चित कोषमा असूल फर्छ्यौट हुनुपर्ने रु. | ८,४३३,६६३ |

| क.सं. | विद्यालयको नाम | भवनको प्रकार | खातामा निकासा दिई खर्च लेखेको रकम |
|---|---|---|---|
| १ | श्री झिमेमालीका आ.वि. वडा नं. ४ | २ कोठे भवन | 1800000।- |
| २ | श्री इन्द्र आ.वि. वार्ड नं.२ | ICT Lab | 650000।- |
| ३ | श्री वासुदेव आ.वि. वार्ड नं.३ | ICT Lab | 650000।- |
| ४ | श्री जनता आ.वि.वार्ड नं २ | ICT Lab | 650000।- |
| ५ | श्री भूमिराज मा.वि. वर्डा नं.6 | २ कोठे भवन | 1083663।- |
| ६ | श्री सीताराम आ.वि. वर्डा नं. ३ | ४ कोठे भवन | 3600000।- |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>कुल जम्मा</td><td></td><td>8433663 I -</td></tr>
</table>
नमूना विद्यालय सञ्चालन निर्देशीका २०७४ तोकेको न्यूनतम पूर्वाधार तर्फ ICT Lab को लागी विद्यालय अनुसार कोहीमा Laptop, कोहीमा Desktop लगायतका फरक फरक परीमाण एवं किसिमका Electronic Device हरु खरीदका लागी प्रस्ताव गरेको देखियो । निर्देशीकाले तोके अनुसार सामाग्रीहरु अनिवार्य खरीद गरेर ल्याब सञ्चालनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>सौर्य बत्ति जडानः<br>बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रले वार्षिक रुपमा नविकरणिय उर्जा प्रविधिमा प्रयोग हुने सामग्री सेट मूल्य सूची निर्धारण गरेर सूचना प्रकाशित गर्ने गरेको छ । पालिकाले वार्ड नं १ देखि ७ (वडा कार्यक्रममा रहेको तर योजनामा छुट भएको) का विभिन्न स्थानमा ८ सेट सौर्यबत्ति जडानका लागि रु ९९८०१६.० लागत अनुमान स्वीकृत गरेको छ । यसरी खरिद गरिएका सौर्य वत्तिहरु समेत जडान गरेर सञ्चालनमा ल्याउन सकेको छैन। सामानहरु पालिकामा प्राप्त भएको मौज्दातवाट देखिएको , प्रत्येक वर्ष सौर्य बत्ती जडान हुँदै आएकोमा बाँकी जडान हुने क्षेत्र एकिन हुने नगरेको, विना योजना प्रत्येक वर्ष थप सौर्य वत्ती खरिद गर्ने तर जडान नगर्ने प्रवृती उपयुक्त होईन। जडान गर्न वांकी सौर्य बत्ति समयमै जडान गरी कार्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>डोजर, लोडर, एक्साभेटर मर्मत :<br>गाउँपालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यस वर्ष कार्यालयले रु. ३३९०००.०० खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु ४५००००.०० मात्र आम्दानी गरेको छ । गाउँपालिकाद्वारा सडक तथा अन्य मर्मत सम्भारमा समेत यी साधनहरु प्रयोग भएको देखिएन । पालिकाले निर्माणसंग सम्वन्धित सवारी साधनहरुको खपत देखिने गरी छुट्टा छुट्टै अभिलेख व्यवस्थीत गरेको छैन । मर्मत अभिलेख समेत अद्यावधिक नगरेकाले आयको अनुपातमा खर्च अत्याधिक देखिन्छ। कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि यस्ता हेभी मेशिनरी औजारको उपयोग तर्फ प्रयास हुनु पर्दछ ।
<table>
<tr><td>मेशिनरी</td><td>संख्या</td><td>मर्मत तथा ईन्धन रकम</td><td>आम्दानी रकम</td></tr>
<tr><td>ब्याक हो लोडर</td><td>१</td><td>नखुल्ने</td><td>नखुल्ने</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>टिपर</td><td>१</td><td>नखुल्ने</td><td>नखुल्ने</td></tr><tr><td>मोटरसाईकल</td><td>१७</td><td>नखुल्ने</td><td>नखुल्ने</td></tr><tr><td>जम्मा</td><td>२०</td><td>३३९०००</td><td>४५००००</td></tr></table></td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>तलवी प्रतिवेदनः<br>गाउँपालिका स्वास्थ्य र स्वास्थ्य चौकी गरी ५ वटा स्वास्थ्य संस्थामा स्थायी कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन नियमानुसार पास गराएर मात्र तलव खर्च लेख्नु पर्नेमा यस पालिकामा कार्यरत २० स्वास्थ्यतर्फका स्थायी कर्मचारीहरुको तलवी प्रतिवेदन पास नगराई खर्च लेखेकोले कर्मचारीको ग्रेड एकिन हुन सकेन। तलवी प्रतिवेदन पास गरायर मात्र तलव खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>कर्मचारी करारः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।पालिकाको लागी ४९ जना कर्मचारीहरुलाई करारमा नियुक्ती गरी तलव खर्च रु.११९३९१६०.०० लेखेको छ । पालिकाको आन्तरिक आय समेतको विचार गरी अत्यावश्यक कार्यमा मात्र करारमा कार्यविवरण कार्यभार समेत एकिन गरेर अत्यावश्यक मात्र कर्मचारी करारमा लिनुपर्नेमा सो वेगर करारमा नियुक्ती गरी थप व्ययभार पारेको सम्वन्धमा तालुक निकायवाट आवश्यक अनुगमान तथा नियमन हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>औषधी खरिदः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु २७७६२०४।- मूल्यका औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (क)खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>(ख),खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>(ग)आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्रे नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश गरेको छैन ।<br>(घ)आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको सम्बन्धमा यकिन गर्न सकिएन ।<br>(ङ)औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको छैन ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी आम्दानी वांध्ने हस्तन्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु Date expire पछिको व्यवस्थापन जिम्मेवारी जिन्सीका कर्मचारीलाई तोकी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३८ | | | **विपद् व्यवस्थापन कोषः**<br>विपद् व्यवस्थापन कोष विपद् जोखिम् न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७, मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानिय तहमा विपद् व्यवस्थापन कोषमा रहने रकम भुक्तानी गर्ने गरेको देखिन्छ ।पालिकामा रहेको उक्त कोषमा गत बर्षको मौज्दात रु.४८५३१७.०० रहेको, यो आ.व.मा रु ८०९८६९.३५समेत रु.१२९५१८६.३५ जम्मा रहेकोमा रु.११५६४९१.०० खर्च भई बाँकी रु.१३८६९५.३५ रहेको देखिन्छ । कोषको रकम विपद व्यवस्थापन निर्देशिकाको व्यवस्था अवलम्वन दोहोरो नपर्ने निश्चित गरेर मात्र राहत रकम खर्च गर्नु पर्दछ । | |
| ३९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका १ देखी ७ वडाहरुमा सडक, मन्दीर निर्माण तथा मर्मत, नाला तथा घोरेटो वाटो निर्माण (ordinary soil cutting), ढुङ्गा सोलिङ,पि.स.सि. stone masionary, लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३३ वटा कार्यक्रम तथा योजना संचालनमा २९१ जनालाई अधिकतम औषत रोजगारी ९०.१७ दिन सम्म उपलव्ध रोजगारी दिइ रु.१४९८५५२१.९६ खर्च गरेको छ । लक्षित वर्गलाई रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ४० | | | **खर्च गर्ने मापदण्डः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६को दफा २४मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट कार्यक्रम र उपलब्ध श्रोत समेतको आधारमा श्रोतको उच्चतम प्रतिफल , गुणष्त र मितव्ययिता प्राप्त हुने गरी अर्थमन्त्रालयले निर्धारण गरेको खर्च गर्ने मापदण्ड समेतलाई आधारलिई खर्च गर्ने मापदण्ड तयार गरी खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था तथा मापदण्ड तयार गरेको पाईएन । यस वर्ष महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायतामा रु८३३९०४।०० खर्च गरेको मा मापदण्ड तयार गरी खर्च गरेको पाईएन । | |
| ४१ | १४१ | २०७९ -३-१६ | **गाउँपालिका चालु अन्तर्गको कार्यक्रमको सङ्घिय वजेटवाट खर्चः**<br><br>वजेट खर्च निर्देशिका अनुसार तोकिएको शिर्षकमा आर्थीक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ अनुसार खर्च गर्ने र अभिलेख राख्नुपर्ने तोकेको छ। गाउँपालिका चालु तर्फ एकल महिला व्यवसायि तरकारी प्रवर्द्धन कार्यक्रमबाट भुक्तानी हुनु पर्ने रकम रु. ३९४८३.०० संघीय सरकारबाट हस्तान्तरण कार्यक्रम अन्तर्गत मकै उत्पादन प्रबद्धन कार्यक्रम बालि बिकास कार्यक्रम बाट भुक्तानी भएको हुदाँ कार्यक्रम तथा वजेटको श्रोत फरक पारी खर्च लेखेको उक्त रकम संघीय सरकारको संचितकोष खातामा दाखिला गर्नु पर्ने रु | ३९,४८३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **विविध खर्चको मापदण्ड :-** स्थानिय निकायका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी २०७५ मा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष लाई अतिथि सत्कार सुविधा उपलब्ध गराएको साथै वैठकहरुमा वैठक भत्ता समेतको व्यवस्था रहेको छ। पालिकामा हुने परिषद बैठकलाई सोही शिर्षकमा स्वीकृत कार्यक्रम अनुसार खाजा खर्च हुने हुदा पालिकामा हुने आकस्मिक आतिथ्य सत्कार र वैठकमा हुने खर्चको निश्चित मापदण्ड तयार गर्नु पर्नेमा गरेको देखिएन। आ.व.२०७८।०७९ मा वडा कार्यालयहरु र गाउँपालिका समेत गरी विविध खर्च शिर्षकमा रु.४१५०६७३.०० खर्च भएको छ । विविध खर्चको मापदण्ड तयार गरी तोकिए अनुसार खर्च गरी मितव्ययीता कायम गर्नु पर्दछ। | |
| ४३ | | | **नाफामूलक संस्थाको भवन निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्नेमा नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई चालु प्रकृतिको कार्यमा अनुदान उपलब्ध गराउन मिल्दैन । तर पालिकाले यस वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई अनुदान दिएको पाइयो । नाफामूलक संस्थालाई पूँजी निर्माण नहुने क्षेत्रमा उपलब्ध गराएको अनुदान अनियमित देखिएको रु | ६८९,५०० |

| भौचर नं. / मिति | अनुदान पाउने | अनुदान प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| ५८०/२०७९।३।२५ | ईनोभेटिभ बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ल्यापटप प्रिन्टर खरिद | १३७९०० |
| | नव विहानी बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ल्यापटप प्रिन्टर खरिद | १३७९०० |
| | सिर्जनसिल महिला बहुउद्देशिय सहकारी संस्था लिमिटेड | फर्निचर | १३७९०० |
| | दुर्गा देवी महिला बहुउद्देशिय सहकारी संस्था लिमिटेड | ल्यापटप प्रिन्टर खरिद | १३७९०० |
| ५८३/२०७९।३।२५ | गोदावरी ऋण तथा वचत सहकारी संस्था लिमिटेड | ल्यापटप प्रिन्टर खरिद तथा मसलन्द खरिद | १३७९०० |
| जम्मा | | | ६८९५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४</td><td></td><td></td><td>आर्थीक सहायताः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.३२३०००.०० आर्थिक सहायता वितरण गरेका छन् । आन्तरीक श्रोतको न्यूनता भएका पालिकाले यस्ता खर्च निश्चित मापदण्ड वनाएर मात्र वितरण गर्नु पर्नेमा त्यस्तो मापदण्ड स्वीकृत नगरी औचित्य पुष्टि हुने प्रमाण वेगर पटके निर्णयका आधारम आर्थिक सहायता खर्च लेख्ने कार्य अनियमित देखिएको रु</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>अन्य निकायको खर्चः<br>आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ अनुसार स्वीकृत बजेट रकम स्वीकृत रकम शिर्षकगत रुपमा खर्चको प्रमाण एकिन गरी सोही प्रयोजनमा खर्च गर्नुपर्दछ । स्वीकृत रकम शिर्षकमा उल्लेखित वजेट अन्यत्र प्रयोजनमा खर्च गर्न मिल्ने व्यवस्था छैन । माताहतमा नरहेका कार्यालयको लागि खर्च र दायित्व बहन गर्न मिल्दैन । अन्य कार्यालयको लागि भौतिक संरचना निर्माण वापत रु ३७९३७२.०० भुक्तानी दिएको छ । उद्योगीहरुको संस्थालाई औचित्य प्रमाणित नगरी दिएको रकम अनियमित देखिएको रु
<table>
<tr><td>भौचर नंवर/ मिति</td><td>खर्च बेहोरिएको कार्यालय</td><td>प्रयोजन</td><td>रकम</td></tr>
<tr><td>२६८/२०७८।१२।८</td><td>के आई सिंह उद्योग वाणिज्य संघ</td><td>कार्यालय भवन निर्माण</td><td>१९०२३५</td></tr>
<tr><td>२२०/२०७८।११।२</td><td>डोटो उद्योग वाणिज्य संघ</td><td>पर्खाल निर्माण</td><td>१८९१३७</td></tr>
<tr><td></td><td></td><td></td><td>३७९३७२।००</td></tr>
</table></td><td>३७९,३७२</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>आन्तरिक श्रोतको अवस्थाः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गांउपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गांउपालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr>
<tr><td>३३५४६९७७३.</td><td>३११२१०२.२२</td><td>०.९३</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९३ प्रतिशत मात्र रहेको छ । त्यसैले गांउपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४७ | | | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गांउपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गांउपालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ७५०००००.० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.३११२१०२.२२ अर्थात अनुमान भन्दा ४१.४९ प्रतिशत बढी आय प्राप्त गरेको छ । तर खर्चको तुलनामा आन्तरिक श्रोत अत्यन्तै न्युन रहेको देखिन्छ। आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ४८ | | | **सोझै खरीदः** | |
| ४८.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु.१०लाख देखि २० लाख सम्मको निर्माण कार्य शिलवन्दी दरभाउपत्रको माध्यमवाट र रु.२० लाख भन्दा वढीको निर्माण कार्य वोलपत्रको माध्यमवाट गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले प्रतिस्पर्धा वेगर टुक्रा पारी लागत अनुमानको हाराहारीमा खरिद सम्झौता गरी रु.९९,२७,८७०।-खर्च लेखेको छ । नियमावलीले तोके वमोजिम निश्चित सीमा भन्दा वढीको निर्माण तथा खरिद वोलपत्र आव्हान गरी प्रतिस्पर्धात्मक मूल्यमा मीतब्ययी खरिद कार्य गर्नुपर्नेमा एउटै प्रकृतीको निर्माण कार्य टुक्रा टुक्रामा दिई सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हनु पर्दछ । | |

| सि.नं | कामको विवरण | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|
| १ | अल्लेवन तिखात्तर जोड्ने सडक मर्मत | ४९९७५७ | ४९६२८२ |
| २ | वायल अल्लेवन जोड्ने सडक मर्मत | ४९६७७० | ४९०४९० |
| ३ | देवस्थान- भिताडी, घट्टेखोला -कैनवाडा सडक निर्माण | ४३१९३५ | ४२६७७८ |
| ४ | ग्यवियन जाली खरिद तथा ढुवानी | - | ४९४००१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ५ | वायल-देउरडी तिखातर घाटलय लोली वायल सडक मर्मत | ३७३९०२ | ३६८८५१ |
| ६ | दिपायल देउरडी तिखातर घाटलय लोली वायल सडक मर्मत | ४९७७७३ | ४९४४३८ |
| ७ | देवस्थल सलेना सडक मर्मत | ४९९५७० | ४९५३६३ |
| ८ | राजपुर भुमिराजमाण्डौ देवस्थल सडक मर्मत | ४९१९३७ | ४८६९९८ |
| ९ | Sanitary work for wardno.1 buildings | ४९९२३७ | ४८९३२० |
| १० | Electrical & MS grill work for ward no .1 buildings | ४७९५०६ | ४०००१४ |
| ११ | आनागाड देउरडी सडक मर्मत | ४९८५२४ | ४९२३२९ |
| १२ | अनागाड नारीदाङ सडक निर्माण | ७५५६११ | ७०२४१७ |
| १३ | एच डि पिई पाईप खरिद तथा भुक्तानी | - | ४९५३९२ |
| १४ | दिपायल अनागाड जोड्ने सडक मर्मत | ४९८५४१ | ४६७३७७ |
| १५ | अनारगाड देउरडी जोड्ने सडक मर्मत | २२२१२५ | २०६९८४ |
| १६ | काफली खानेपानी निर्माण | ३६३२५६ | ३४१०८९ |
| १७ | लेक सिंचाई कुलो निर्माण | ६१५३६९ | ५५९६३८ |
| १८ | वि.पि.स्मृती भवन पर्खाल तथा गेट निर्माण | ४८९४७९ | ४७२५३२ |
| १९ | डोडर वरेडाँडा कलारै स्कुल सडक मर्मत | ४९०७८८ | ४६५४२८ |
| २० | गाउँपालका घेरावार निर्माण | ९९६१७८ | ९१३४३ |
| २१ | सैन खेलमैदान निर्माण | ३८३३०२ | ३४१३६२ |
| २२ | कोलगडे नाउखाल सडक निर्माण | २०००२२ | १८५९५६ |
| २३ | फलेडी शौचालय र स्नान गृह निर्माण | ४९८४०८ | ४६३४८८ |
| जम्मा | | १०२८१९९० | ९९२७८७० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८.२</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा रु १ लाख भण्दा बढीको निर्माण कार्य तथा अन्य जतिसुकै मुल्यको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु.१० लाख सम्म लागत अनुमान भएका निर्माण कार्य वा मालसामान रु.५ लाख रुपया सम्म लागत अनुमान भएको परामर्श सेवा सोझै खरिद गर्न सकिने र सो भण्दा बढी रु.२० लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान ,निर्माणकार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउ पत्र बाट खरिद गर्नुपर्ने र सो भन्दा बढी लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ। पालिकाले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार प्याकेजमा एकमुष्ठ लागत अनुमान तयार गरी प्रतिष्पर्धाबाट मितव्यिरुपमा खरिद गर्नु पर्नेमा आर्थिक बर्ष २०७८।७९को आय-व्यय विवरणमा समावेश भएका देहायका ,वस्तु वा सेवा खरिद गर्दा नियमावलीको ब्यवस्था पालना नगरी रु. ६२ लाख २ हजार २४९ कोसामान पटक पटक सोझै खरिद गरेको पाईयो। नियमावलीमा भएका व्यवस्था पालना गरी प्याकेजमा एकमुष्ठ लागत अनुमान स्विकृत गरी सिमा अनुसार सिलबन्दी दरभाउ वा बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई गुणस्तरीय,मितव्ययी खरिद गर्नु पर्दछ।
<table>
<tr><th>क्र.स</th><th>खरिदको बिषय</th><th>विनियोजित बजेट</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>मसलन्द तथा कार्यालय सामान</td><td>४८२००००</td><td>४४३५५०३</td></tr>
<tr><td>२</td><td>मेशिनरी औजार</td><td>१९०००००</td><td>१७६६७४६</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६२०२२४९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८.३</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१) क मा रु.२५ लाखसम्मकोऔषधी जन्य सामान सोझै खरिद गर्न सकिने, रु.२५ लाख भन्दा सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार रु. २७७६२०४।००को एकै आपूर्तिकर्ताबाट समेत टुक्रा विल बाट सोझै खरिद गरेको देखियो । यसरी आपूर्तिकर्तासंग पटक पटक टुक्रे विलबाट सोझै खरीद कार्यमा नियन्त्रण हुनुपर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>भौ. नं</td><td>आपूर्ति कर्ताको नाम</td><td>रकम रु.</td></tr>
<tr><td>३५/२०७८।९।१६</td><td>सुयोग्य फार्मेसि</td><td>४९९८०४</td></tr>
<tr><td>३४/२०७८।९।१६</td><td>फर्मा केम सप्लायर</td><td>१९९८०९</td></tr>
<tr><td>१२७/२०७९।३।४</td><td>पवनदेव फर्मा</td><td>४९७९७५</td></tr>
<tr><td>१२८/२०७९।३।१४</td><td>माउण्ट एभरेष्ट मेडिसिन सप्लायर</td><td>९९९२०९</td></tr>
<tr><td>१३२/२०७९।३।१४</td><td>सुयोग्य फार्मेसि</td><td>७९९२२</td></tr>
<tr><td>२३२/२०७९।३।१५</td><td>फर्मा केम सप्लायर</td><td>४९९४८५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२७७६२०४</td></tr>
</table></td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>अमानतवाट खरिदः<br>सार्वजनिक खरिद नियमावली ९८ मा सार्वजनिक निकायले अमानतवाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृत लिनु पर्ने व्यवस्था रहेको छ । पालिकाले पूर्व स्वीकृति वेगर ७ वटा निर्माणका योजनाहरुको लागत अनुमान तयार गरी ५ व्यक्तिहरु मार्फत रु.५१०७८१.०० अमानत मार्फत खरिद गरेको देखिएकोले प्रतिस्पर्धात्मक नअपनाई दिएको भुक्तानी अनियमितको रु.</td><td>५१०,७८१</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>सव-कन्ट्रयाक्टरवाट कार्य गराएकोः<br><br>सम्झौता अनुसार सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले आफूले पाएको काम आफैले सम्पन्न गर्नुपर्दछ ।कुनै निर्माण ब्यवसायी वा सव-कन्ट्रयाक्टरवाट गराउन सकिने छैन । साथै सोही नियमको उपनियम १३ मा उपभोक्ता समितिले आफूले गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गरेको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसंग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समितिलाई भविश्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखि सो काम गर्ने निर्माण ब्यवसायीलाई कालोसूचिमा राख्न सार्वजनिक अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्दछ भन्ने उल्लेख भएकोमा गाउँपालिकाले देहायवमोजिम काम गर्न उपभोक्ता समितिसंग सम्झौता गरेकोमा उपभोक्ता समितिले निर्माण ब्यवसायीवाट गराएको पाईयो। आफुले जिम्मा लिएको काम आफै नगरी निर्माण ब्यवसायीवाट</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गराउने उपभोक्ता समिति तथा निर्माण ब्यवसायीलाई नियमावलीमा भएको ब्यवस्था विपरित कार्य गर्ने उपभोक्ता समितिलाई तोकिए अनुसारको कारवाही गर्नुपर्नेमा सो नगरी भुक्तानी गरेको देखियो । यस्तो कार्य कानुन विपरित देखिन्छ। उपभोक्ता समिति मार्फत भएका सडक तथा ग्राउण्ड निर्माणसंग सम्वन्धत अधिकाश काम निर्माण ब्यवसायीवाट गराएकोमा केही उदाहरण निम्न छन्। | |

| गो.भौ.नं | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | निर्माण ब्यवसायी | रकम रु. |
|---|---|---|---|---|---|
| ४२-२०७८।११।२ | अल्लेवन महादेव सडक निर्माण उ.स. | अल्लेवन महादेव सडक निर्मण | ४६८३४१ | आर के कन्स्ट्रक्सन | ३७८९२४ |
| ११९-२०७९।१।९ | थला-ईकर्ड सडक निर्माण उ.स. | थला-ईकर्ड सडक निर्माण | ५४५२०२ | जीन कनस्ट्रक्सन एण्ड सप्लायर्स | ६८४००० |
| १७२-२०७९।३।२ | गाउँपालिका मञ्च निर्माण उ.स. | गाउँपालिका मञ्च निर्माण | ७५७४७९ | टेडी निर्माण सेवा | ४०७५६२ |
| १९६-२०७९।३।१४ | ढडेलमाण्डौ अनारुवा सडक निर्माण उ.स. | ढडेलमाण्डौ अनारुवा सडक निर्माण | ६५६३६० | जीत कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ८४१६४९ |
| ३११-२०७९।३।२५ | पिलेडाँडा कार्कीवगर सडक निर्माण उ.स. | पिलेडाँडा कार्कीवगर सडक निर्माण | - | आर डी कन्स्ट्रक्सन | ५१८९६२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **हेभि ईक्युपमेन्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण सँग सम्बन्धित योजनाका उपभोक्ता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको तर नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँपालिकाबाट सहमति लिएको छैन। | |
| ५२ | | | **प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रमः**<br>अनागाड नारिदाङ्ग सडक मर्मत तथा स्तोरउन्नतीको लागि प्रदेश सरकारको बिशेस अनुदान कार्यक्रम कार्यान्वयन गर्दा निर्माण व्यावसायी टि.बि ईन्जिनियरिङ्क कन्सल्टेन्सी प्रा.लि सँग निर्माण कार्य रु.१४०८१२३.५७।–(मू.अ.कर समेत) मा सम्झौता भएको पाईयो । चेनेज १+०५० देखि ७+८५० सम्मको उक्त कार्य साईड क्लियरेन्स ७७०९ घ.मि, ल्याड स्लाईड क्लियरेन्स ४८६०.१० घ.मि तथा माटो खन्ने काम १६०४ घ.मि सम्पन्न गरेर रु.१२५२६०४।–भुक्तानी लिएको देखियो उक्त योजनाको बजेट बाँकि रहेको भनी पुन सोही निर्माण व्यावसायी बाट बिभिन्न थप कार्य गराएको भनि रु.७३७६६९।– सोझै चेनेज परिमाण उल्लेख नगरी पहिरो सफा गर्ने कार्य १६३९.२६ घ.मि थप कार्य गरेको भुक्तानी दिएको देखिएकोले हालसालै मर्मत गरेको सडकमा पुनः पहिरो पन्छाएको भनी दिएको भुक्तानी अनियमित देखिएको रु | ७३७,६६९ |
| ५३ | | | **सामाजिक सुरक्षा तर्फ :-**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्य विधी,२०७५ ले लाभग्राहीको नाम दर्ता एवं नविकरण, लगत कक्ष, तोकिएको मिति भित्र परिचयपत्रको नविकरणका आधारमा सामाजिक सुरक्षा भत्ता लाभग्राहीको बैंक खाता मार्फत वितरण गर्नुपर्ने, वार्षिक लाभग्राहीको संख्या एकिन अद्यावधिक हुनु पर्ने, नियमीत अनुगमन गरी केन्द्रिय सूचना प्रणालीमा तथ्याङ्क प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धीत स्थानीय निकायको हुने व्यवस्था छ । गाउँपालिकाले समयमानै लाभग्राहीको बैंक खाता खोल्न प्राविधीक समस्या रहेको कारण लाभग्राहीको निकासा खर्च र फिर्ताको तथ्याङ्क फरक परेको देखियो । बैंकबाट प्रमाणीत निकासा खर्च र फिर्ता विवरण निम्नानुसार रहेको छ। | |

| सि.नं. | निकासा विवरण | संख्या | प्रथम किस्ता | दोश्रो किस्ता | तेश्रो र चौथो किस्ता | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | लट अनुसार निकासा | - | 26860710 | 27195529 | 54800902 | 108857141 |
| 2 | लाभग्राहीको खातामा जम्मा | 1473 | 25936580 | 26239650 | 51295317 | 103471547 |
| 3 | बैंकबाट फिर्ता रकम | - | 924130 | 955879 | 3505585 | 5385594 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गुनासो व्यवस्था सूचना प्रणालीमा लाभग्राहीको विवरण अद्यावधिक गर्न नसक्दा लाभग्रहीको संख्या यकिन गर्न सकिएन ।वैकले उपलब्ध गराएको तथ्याङ्कसग सूचना प्रणालीको अभिलेख भिडान गरेर मात्र सामाजिक सुरक्षा खर्च भुक्तानी हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ को नियम ३९(१)वमोजिम वेरुजू फछ्यौंट गरी नियमावली, २०७७ नियम ९०(७) वमोजिमलगत कट्टाको अनुरोध भइ आएकोमा तथा स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ८४ मा वेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ । जस अनुसार वेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य कार्यालय प्रमुखको हुने व्यवस्था छ । नियम ९०(७)वमोजिम अनुरोध रु.५६५०९६६.०० भइ आएकोमा उपयुक्त प्रमाण पेश हुन नआएकोले सम्परीक्षण गरिएको छैन । वाँकी वेरुजु सम्परीक्षण गर्नुपर्दछ।
<table>
<tr><th>आ.व.</th><th>दफा नं.</th><th>वुरुजूको व्यहोरा</th><th>फछ्यौंटको व्यहहोरा र रकम</th></tr>
<tr><td>०७६।७७</td><td>६५</td><td>५ कर्मचारीहरु फिल्ड भत्ता खर्च कुन कार्यक्रम अन्तर्गत फिल्डमा खटिएको हो, फिल्डमा खटिएको प्रतिवेदन, फिल्ड भत्ता पाउने आधार वेगरको खर्च असूल गर्नु पर्ने रु.१२३७५०.००</td><td>५ कर्मचारीहरु फिल्ड भत्ता खर्च कुन कार्यक्रम अन्तर्गत फिल्डमा खटिएको हो, फिल्डमा खटिएको प्रतिवेदन, फिल्ड भत्ता पाउने प्रमाण तथा आधार वेगर अनुरोध भइ आएकोले सम्परीक्षण हुन नसकेको रु.१२३७५०.००</td></tr>
<tr><td>०७७।७८</td><td>१२</td><td>वडा सचिवको रुपमा ७ जना वडा सहायक नियुक्ती गरी रु.१२६००००.०० भुक्तानी गरेको अनियमित देखीएको ।</td><td>मिति २०७८।३।२८ गते वसेको ११ औ गाउंसभा वैठक को निर्णय नं. ७ ख ले उक्त दफा नियमित गरी सम्परीक्षणको लागि पेश गर्ने निर्णय गरेकोमा उक्त दफा सम्वन्धमा दफावार रुपामा भएको छलफलका विषय तथा के कति कारण नियमित गरेको व्यहोराको वृश्तित व्यहोरा पेश नभएकोले सम्परीक्षण हुन नसकेको रु. १२६००००.००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ०७७।७८ | ४५ | उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम १३ विपरीत खर्च लेखेको रु.४३०६०९६.४८ | मिति २०७८।३।२८ गते वसेको ११ औ गाउंसभा वैठक को निर्णय नं. ७ ख ले उक्त दफा नियमित गरी सम्परीक्षणको लागि पेश गर्ने निर्णय गरेकोमा उक्त दफा सम्वन्धमा दफावार रुपामा भएको छलफलका विषय तथा उपभोक्त समितिसंगको सम्झौता रद्ध गरी उपभोक्ता समितिलाई भविष्यमा कुनैपनि काम नदिने अभिलेख राखेको प्रमाण वेगर नियमित गरेको तथा उक्त व्यहोराको वृश्तित विवरण पेश नभएकोले सम्परीक्षण हुन नसकेको रु. ४३०६०९६.४८ | |
| | | | ०७७।७८ | ५१ | मोटरसाईकल वनाउन धनगढीसम्मको, प्रशासनिक कार्यमा जनप्रतिनिधलाई काज खटाउने, कामको प्रयोजन नखुलाई १० जनालाई दैनिक भ्रमण भत्त खर्च लेखेको मितव्यी नदेखिएको रु.८४६७०.०० | मिति २०७८।३।२८ गते वसेको ११ औ गाउंसभा वैठक को निर्णय नं. ७ ख ले उक्त दफा नियमित गरी सम्परीक्षणको लागि पेश गर्ने निर्णय गरेकोमा उक्त दफा सम्वन्धमा दफावार रुपामा भएको छलफलका विषय तथा व्यहोराको वृश्तित विवरण पेश नभएकोले सम्परीक्षण हुन नसकेको रु.८४६७०.०० | |